फोटो

अनुसूची ४

करारको लागि आवेदन फाराम (नमूना)

दफा ६ (२) सँग सम्बन्धित)

(१) वैयक्तिक विवरणः

नाम थरः (देवनागरिमा)

( अंग्रेजी ठुलो अक्षरमा ) लिङ्गः

नागरिकता नं. जारी गर्ने जिल्लाः मिति

स्थायी ठेगाना क) जिल्ला ख) न.पा./गा.पा. ग) वडा नं.

घ ) टोलः ङ) मार्ग /घर नं. च) फो. नं./ मोबाइल

पत्राचार गर्ने ठेगानाः इर्मेलः

बाबुको नाम थरः

बाजेको नाम थरः

जन्म मितिः

( वि.सं.मा ) ( ई.सं.)

हालको उमेरः वर्ष महिना

(२) शैक्षिक योग्यता( दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता अनिवार्य)

| क्रः सं | शैक्षिक योग्यता/उपाधि | विश्वविधालय/बोर्ड | मुल विषय | श्रेणी | प्राप्ताङक |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

मैले यस दरखास्तमा खुलाएर समुपुर्ण विवरणहरु सत्य छन् ।दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरि कुनै सजाय पाउको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानुन बमोजिम सहनेछु / बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचालित कानुन तथा यस दरखासरत फाराममा उन्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मनरजुर छु। साथै करारमा उन्लेखित शर्तहरु पुर्ण रुपलमा पालना गर्नेछु।

उम्मेदवारको ल्याप्चे सहीछापः उम्मेदवारको दस्तखतः

दाँया बायाँ

मितिः

२.कृषि स्नातक प्राविधिक(पशु विज्ञान तर्फ)

**कार्य विवरण :**

१.पशुपन्छी रोग निधान र उपचार तथा सो कार्यको रेकर्ड अद्यवधिक गर्ने ।
२.पशुपन्छी स्वास्थ्य र उत्पादकत्व कायम र क्रमश: सुधार गर्ने ।
३.सम्बन्धित स्थानिय तहको पशुपन्छी तर्फको वार्षिक कार्यक्रम कार्यन्वयन र प्रगति सम्प्रेषण गर्ने ।
४.स्थानिय तहमा रहेका पशुपन्छीको तथ्याङ्क अद्यवधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने ।
५.स्थानिय तहमा आएका पशु सेवा विभाग मार्फत सशर्त अनुदानका कार्यक्रम सञ्चालन र सहजिकरण गर्ने ।
६.राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत संघबाट प्राप्त सम्पुर्ण खोपहरु सहित खोप कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने ।
७.आकस्मिक रोगहरुको Investigation गरि Real Time रिर्पोटिङ गर्ने ।
८.कृतिम गर्भधानको सेवा टेवा दिने तथा सो सम्बन्धी विवरण अद्यवधिक गरि प्रगति सम्प्रेषण गर्ने ।
९.Livestock , Feed Sources Mapping गर्ने ।
१०.Animal Identification and Registration कार्यमा सहयोग तथा सहजिकरण गर्ने ।
११.ईपियोडेमिलोजिकल रिर्पोट नियमितरुपमा प्रदेशको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र संघको पशु सेवा विभाग ईपियोडेमियोलोजि शाखामा सम्प्रेषण गर्ने ।
१२.राष्ट्रिय सूचिकृत रोगहरुको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्ने ।
१३.रोग परिक्षण र निदानका लागि आवश्यक नमूना संकलन गरि प्रयोगशालामा परिक्षण गर्ने र थप परिक्षणको लागि नजिकको प्रयोगशालामा पठाउने ।
१४.भ्याक्सिन भण्डारणको लागि कोल्ड चेन प्रणाली सञ्चालन गर्ने र यसका लागि आवश्यक भएमा जनस्वास्थ्य क्षेत्रसँग समेत समन्वय गरी पशु स्वास्थ्य क्षेत्रमा कोल्ड चेन सिस्टम विकास गर्ने ।
१५.सूचीकृत रोग,सीमाविहिन रोग तथा विश्व पशु स्वास्थ्य संगठनमा तत्कालीन सूचीकृत रोगहरु फैलिएको शंका लागेमा तुरुन्तै नमूना संकलन गरी निदानको लागि नजिकैको भेटेरीनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सोको जानकारी वा रिपोर्टिङ यथाशीघ्र सम्बन्धित निकाय(पशु सेवा विभाग,भेटेरिनरी इपिडेमियोलोजी शाखा)मा गर्ने ।
१६.जनस्वास्थ्यसँग सम्बन्धित रोगहरु (नेपाल सरकारको राजपत्रमा प्रकाशित भएका प्राथमिकतामा रहेका जुनोटिक रोगहरु)को जनस्वास्थ्यसँग सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरि सर्भिलेन्स,अन्वेषण तथा नियन्त्रण गर्ने ।
१७.पालिकामा रहेका पशुपन्छीपालक किसानका साथसाथै पशुपन्छी संख्या तथा दर्ता भएका पशुपन्छी फार्मको संख्या अद्यवधिक गर्ने ।
१८.पालिकामा कार्यरत पशु सेवा प्राविधिकहरुको अभिलेख राख्ने र नियमित बैठक गरि सोबाट उठेका विषय प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउने ।
१९.रोग फैलिएको समयमा रोग नियन्त्रण सम्बन्धी सूचनामूलक सामग्री तयार गरि प्रकाशन,प्रसारण तथा स्थानिय स्तरमा जानकारी गराउने ।
२०.पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपोसारका लागि पशु स्वास्थ्य प्रमाण पत्र जारी गर्ने ।

रामकुमार खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

२१.पशुपन्छीजन्य महामारी एवंम प्रकोप लगायतका विपद व्यवस्थापनमा प्रदेश तथा संघ सँग समन्वय र सहकार्य गर्ने ।

२२.पशु सेवा विभागबाट प्राप्त भएका पशुपन्छीमा लगाइने खोपहरु नियमित रुपमा लगाउन भ्यक्सिनेटरको व्यवस्था गर्ने र नियमित खोप लगाएको सम्पूर्ण विवरण विभागमा जानकारी गराउने ।

२३.पालिकामा रेहेका घरपालुवा तथा सामुदायिक कुकुरको रेकर्ड राख्ने र यस्ता कुकुरलाई बन्ध्याकरण तथा रेबिज खोप लगाउने कार्य सञ्चालन गर्ने ।

२४.कुकुरको टोकाईबाट मानिसमा हुने रेबिजलाई शून्यमा झार्ने अभियानलाई सफल बनाउन स्थानिय स्तरमा रेबिज नियन्त्रण कार्य सञ्चालन गर्ने ।

२५.छाडा छोडिएका चौपायको व्यवस्थापनमा स्थानिय संघसंस्थासँग समेत समन्वय गरि कार्य गर्ने र पशु छाडा छोड्ने चलनलाई निरुत्साहित गर्न पशु पहिचान गर्न स्थानिय स्तरमा प्रणाली विकास गर्ने ।

२६.पशुकल्याण सुनिश्चितताको लागि आवश्यक कार्य गर्ने ।

२७.आर्थिक दृष्टिकोणले महत्वपुर्ण रोगहरु(राष्ट्रिय रोग नियन्त्रण कार्यक्रममा समावेश गरिएका रोगहरु)को रोकथाम तथा नियन्त्रणको सन्दर्भमा खोपको व्यवस्थापन गरि नियमित रुपमा भ्याक्सिनेसन गर्ने ।

रामकुमार खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत